प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# जिरी प्राविधिक शिक्षालय

## जिरी-०५, दोलखा

प. स. २०८२।०८३
च.नं. ०१

मिति २०८२।०४।०१

**विषयः सूची दर्ता सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८२।०४।०१**

जिरी प्राविधिक शिक्षालय जिरी दोलखालाई आगामी आ.व. २०८२।०८३ भरी तपशिलमा उल्लेख भए बमोजिमका सामानहरु सरल, सुलभ तथा गुणस्तरीय र सुपथ मुल्यमा सप्लाई तथा सेवाहरु आपुर्ती गराउन इच्छुक इजाजत प्राप्त व्यक्ती, फर्म, संस्था,निर्माण व्यावसायी वा कम्पनीबाट सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची ( स्टानडिङ्ग लिष्ट ) दर्ता गर्नको लागी रु १०।को टिकट टाँसी यस शिक्षालयमा अनुसुची- २ क बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शिक्षालयलाई आवश्यक पर्ने सामान तथा सेवाहरुः**

(१) स्टेशनरी तथा मसलन्द सामानहरु
(२) ईन्जिनियरिङ्ग उपकरणहरु
(३) विधुतीय उपकरणहरु, ईलेक्ट्रीकल सामानहरु, तथा सर्वे उपकरणहरु
(४) प्लम्विङ, स्यानीटेसन र निर्माण सामग्रीहरु
(५) कम्प्यूटर, प्रिन्टर तथा कम्प्युटरको पार्टस तथा मर्मत सम्भार सम्बन्धित कार्यहरु
(६) फर्नीचर तथा फर्निसिङ्ग सामान सप्लाई
(७) छपाई तथा सूचना प्रकाशन सम्बन्धि सेवाहरु
(८) स्वास्थ्य क्लिनिक तथा औषधीजन्य सामानहरु
(९) हलुका सवारी साधनको पाटपुर्जा र मर्मत सम्भार
(१०) फार्मेसी, मिडवाईफ्री, स्वास्थ्य, निर्माण, कृषि तथा पशुपालन विषयका प्रयोगात्मक उपकरण तथा सामानहरु
(११) स-साना निर्माण तथा मर्मत सम्बन्धि सेवाहरु
(१२) पुस्तक तथा पत्रिका सप्लाई सम्बन्धी
(१३) कम्प्यूट सफटवेयर तथा प्रोगामिङ सम्बन्धी कार्यहरु
(१४) ईन्टरनेट, नेटवर्किङ्ग, सुरक्षा संयन्त्र जडान,ई कक्षा जडान तथा सफटवेयर सर्भिस प्रोर्भाइडर सम्बन्धीत कार्यहरु
(१५) सुरक्षा तथा सरसफाई सेवा सम्बन्धीत कार्यहरु
(१६) परामर्श सेवा सम्बन्धीत कार्यहरुः
    (क) निर्माण सम्बन्धी नक्सा, डिजाईन,ड्रइङ्ग खरिद सम्बन्धीत कार्यहरु
    (ख) अन्य परामर्श सेवा खरिद सम्बन्धीत कार्यहरु
(१७) भेटेरीनरी औषधी खरिद सम्बन्धीत कार्यहरु
(१८) विविध ।

**पेश गर्नु पर्ने कागजातहरुः**

(क) संस्था वा फर्म दर्ता प्रमाणपत्र
(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर दर्ताको प्रमाणपत्र
(ग) कर चुक्ता प्रमाणपत्र ( आ.व.२०८०।०८१ को कर चुक्ता विवरण वा म्याद थप पत्र )
(घ) आवश्यकता अनुसारको व्यवसायिक ईजाजत पत्र ।

**फोन नं. ०४९-४०००६३, फ्याक्स नं. ०४९-४०००६४,E-mail: jiritechnicalschool@gmail.com**
**Website: www.jts.edu.np**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# जिरी प्राविधिक शिक्षालय
## जिरी-०५, दोलखा

**शर्तहरु:**

१. आफनो फर्म वा संस्थाले जुन कार्यगर्न वा सामान आपुर्ती गर्न वा सेवा प्रदान गर्न ईजाजत प्राप्त गरेको हो सोही समुहको लागी मात्र सुँची दर्ता गराउन सक्ने छ।एक भन्दा बढि समुहको लागी भए प्रत्यक समुहमा छुट्टा छुट्टै निवेदन दिइ सूची दर्ता गराउनु पर्ने छ।

२.सेवाप्रदायकहरुको आफनो कार्यलय वा फर्म अनिवार्यरुपमा हुनुपर्ने छ ।

३.निवेदनमा कार्यलय वा फर्मको सम्पर्क व्यक्तीको नाम ठेगाना,टेलिफोन नम्वर, फ्याक्स नम्वर तथा इमेल आईडी समेत प्रष्टसँग अनिवार्यरुपमा लेख्नुपर्ने छ ।

४.शिक्षालयलाई कुनै किसिमको सहुलियत वा छुट दिने भएमा सो समेत उल्लेख गर्नुपर्ने छ ।

५. परामर्श तथा अन्य सेवा तर्फ व्यक्तीले निवेदन दिदा अनिवार्यरुपले बायोडाटा र स्थायी लेखा नम्बर दर्ताप्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

६. प्रचलित कानुन बमोजिम अयोग्य नभएको र कालोसूचीमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयमले घोषणा गरी निवेदन दिनुपर्ने छ ।

७.रित नपुगेका निवेदकलाई मान्यता दिइने छैन ।

८.प्राप्त निवेदनहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस शिक्षालयमा निहित रहने छ ।

९.सूचीकृत भएका फर्म, कम्पनी वा संस्थाको नाम यस शिक्षालयको सूचना पाटीमा टाँस गरिने छ ।

१०.यस सूचनामा नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

...................
कर्म शेर्पा
शिक्षालय प्रमुख

**अन्य थप जानकारीका लागी :**
जिरी प्राविधिक शिक्षालय,
जिरी, दोलखा ।
फोन नं. ०४९-४०००६३, ०४९-४०००६४,